फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या :-०७७/७८
च.नं. :-

मिति:- २०७७/०५/२४

## जिल्लाभित्र सार्वजनिक सेवा प्रवाह, बजार/व्यवसाय, उद्योग, बैंक तथा वित्तिय संस्था, यातायात क्षेत्र सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीद्वारा जारी आदेश ।

जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७ भाद्र २४ गतेको निर्णय समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) एवं संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम **मिति २०७७-०५-२६ देखि २०७७-०६-०५ गतेसम्म मकवानपुर जिल्लाभित्र सार्वजनिक सेवा प्रवाह, बजार/व्यवसाय, उद्योग, बैंक तथा वित्तिय संस्था, यातायात क्षेत्र सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा** प्रमुख जिल्ला अधिकारीद्वारा देहायबमोजिम आदेश जारी गरिएको छ । यस आदेशको बर्खिलाप भए, गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशील:-**

**१. सरकारी कार्यालय तथा सार्वजनिक संस्थानबाट हुने सेवा प्रवाहका सम्बन्धमा**

- सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूबाट अत्यावश्यक र जरूरी सेवाहरू सञ्चालन गर्ने ।
- अत्यावश्यक र जरूरी सेवाहरूका सम्बन्धमा स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना गरी, गराई कार्यालय प्रमुखले आवश्यक व्यवस्थापन गर्ने ।

**२. संघसंस्थाहरूका सम्बन्धमा**

- विभिन्न संघसंस्थाहरूबाट हुने जनसम्पर्कका कार्य बन्द गर्ने ।

**३. बैंक तथा वित्तिय संस्था एवं सहकारीका सम्बन्धमा**

- बैंक तथा वित्तिय संस्थाबाट हुने सेवा प्रवाहलाई नियमितरूपमा विहान १०:०० देखि दिनको ३:०० बजेसम्म सुचारू गर्ने ।
- सबै बैंकहरूले ATM २४ घण्टा खुला राख्ने तथा डिजिटल सेवाहरू अनिवार्यरूपमा सुचारू गर्ने ।
- सहकारी तथा अन्य वित्तिय संस्थाहरूबाट फिल्डमा कर्मचारी खट्ने, खटाउने कार्य पूर्णरूपमा बन्द गर्ने ।

**४. होटल, रेष्टुरेन्ट, लज एवं रिसोर्टहरूका सम्बन्धमा**

- होटल, रेष्टुरेन्ट, लज एवं रिसोर्टहरूबाट खाजा तथा खाना प्याकिङ तथा Take Away बाहेकका अन्य सेवाहरू पूर्णरूपमा बन्द गर्ने । तर, क्वारेन्टिन तथा आईसोलेसन प्रयोजनको लागि होटल, रेष्टुरेन्ट, लज, रिसोर्टहरू सञ्चालन गर्न सकिने छ ।

दिपक राज नेपाल
...जिल्ला अधिकारी

- खाजा तथा खाना प्याकिङ तथा Take Away विहान १०:०० देखि दिनको ३:०० बजेभित्र गरिसक्नु पर्नेछ ।

५. सार्वजनिक तथा निजी यातायातका सम्बन्धमा

- जिल्लाभित्र सार्वजनिक यातायातका साधनहरू हाललाई अर्को सूचना नभएसम्मका लागि बन्द गर्ने ।
- जिल्लाभित्र निजी सवारी साधन सञ्चालनका सम्बन्धमा जोर बिजोर प्रणाली (गते अनुसार) लागू गर्ने ।
- अनुमति प्राप्त बाहेक बाहिरी जिल्लाबाट हुने यात्रुवाहक सवारी साधनहरू (दुई पाङ्ग्रे समेत)को आवागमनलाई पूर्णरूपमा रोक लगाउने ।

६. बजार व्यवस्थापन सम्बन्धमा

- खाद्यान्न, तरकारी र दुध तथा दुग्धजन्य पदार्थ विक्री वितरण गर्ने पसल/व्यवसाय विहान ५:०० देखि ९:०० बजेसम्म र बुँदा नं. ११ मा उल्लेख भएका बाहेक अन्य सबै किसिमका पसल/व्यवसायहरू विहान १०:०० देखि दिनको ३:०० बजेसम्म मात्र खुल्ला रहने । यस कार्यको संयोजन मकवानपुर उद्योग वाणिज्य संघले गर्ने ।
- हेटौडा बजार क्षेत्रभित्र हुने Load Unload को कार्य साँझ ५:०० बजेदेखि भोलिपल्ट विहान ५:०० बजेभित्र मात्र गर्ने, गराउने ।
- स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना नगर्ने व्यवसायीहरूलाई तत्काल पसल/व्यवसाय बन्द गराई कारवाहीको दायारामा ल्याउने ।

७. उद्योग क्षेत्र व्यवस्थापन

- उद्योग सञ्चालन गर्दा सम्भव भएसम्म उद्योग परिसरभित्रै कर्मचारी तथा श्रमिक राख्ने व्यवस्था मिलाउने ।
- उद्योग परिसरभित्र कर्मचारी तथा श्रमिकहरू राख्न सम्भव नभएको खण्डमा विहान ८:०० बजेभित्र कर्मचारी तथा श्रमिकहरूलाई उद्योग परिसरभित्र प्रवेश गराईसक्नुपर्ने र साँझ ६:०० बजे पश्चात् मात्र उद्योग परिसरबाट बाहिर पठाउने । कार्यरत कर्मचारी तथा श्रमिकहरूलाई सवारी साधनको प्रयोग गरी घरबाटै ल्याउने र लाने व्यवस्था सम्बन्धित उद्योगले मिलाउने ।
- कर्मचारी तथा कामदार घर फर्किसकेपश्चात समुदायमा घुलमिल नहुने व्यवस्था सम्बन्धित उद्योगले मिलाउने, सो को आवश्यक अनुगमन निरीक्षण गर्ने र नियमितरूपमा DCCMC को बैठकमा प्रतिवेदन पेश गर्ने । यस कार्यको संयोजन उद्योग संघ, मकवानपुर र मकवानपुर उद्योग वाणिज्य संघले गर्ने ।
- बाहिरी जिल्लाबाट अति आवश्यक कार्यको लागि श्रमिक एवं कर्मचारी ल्याउनुपर्ने भएमा RT-PCR Test गराई Negative रिपोर्ट प्राप्त भएको अवस्थामा मात्र ७२ घण्टाभित्र ल्याईसक्नुपर्ने ।

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

- तोकिएका स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना नगरी उद्योग सञ्चालन गरेको पाइएमा तत्काल उद्योग बन्द गरी कारवाहीको दायरामा ल्याउने ।

**८. सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय सम्बन्धमा**

- उत्पादनदेखि विक्री वितरणसम्मका सबै श्रृङ्खला खुला गर्ने ।

**९. विकास आयोजना तथा निर्माण कार्य सम्बन्धमा**

- विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धित समेत) र निर्माण कार्य (निजी समेत) सञ्चालन गर्न सकिने ।
- यसरी विकास आयोजना तथा निर्माण कार्य सञ्चालन गर्दा आयोजनास्थल वा निर्माणस्थलमा नै कामदार तथा कर्मचारी रहने व्यवस्था मिलाउनु पर्ने ।
- बाहिरी जिल्लाबाट अति आवश्यक कार्यको लागि श्रमिक एवं कर्मचारी ल्याउनुपर्ने भएमा RT-PCR Test गराई Negative रिपोर्ट प्राप्त भएको अवस्थामा मात्र ७२ घण्टाभित्र ल्याईसक्नुपर्ने ।
- तोकिएका स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना नगरी आयोजना तथा निर्माण कार्य सञ्चालन गरेको पाइएमा तत्काल निर्माण कार्य बन्द गरी कारवाहीको दायरामा ल्याउने ।

**१०. माथि उल्लेखित क्षेत्रभित्रका गतिविधि सञ्चालन गर्दा अनिवार्यरूपमा नेपाल सरकारद्वारा लागू गरिएका स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना गर्नुपर्ने छ ।**

**११. देहाय बमोजिमका सेवा र कार्यहरू अर्को सूचना नभएसम्मका लागि सञ्चालन नगर्ने**

- शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),
- सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
- सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,
- सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल,
- सार्वजनिक पुस्तकालय, सङ्ग्राहलय, चिडियाखाना,
- स्पा, सैलुन तथा ब्युटी पार्लर,
- स्वमिङ पुल, जिमखानालगायतका हेल्थ क्लब,
- सपिङ मल,
- समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,
- सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,
- यात्रुबाहक सार्वजनिक सवारी साधन (पर्यटक सवारी साधनसमेत),
- सबै प्रकारका साईकल, रिक्सा, ठेलागाढा लगायतबाट हुने व्यापार तथा व्यवसाय एवं कबाडी जन्य वस्तु संकलन कार्य ।

२०७८।४।२८

दिपक राज नेपाल

प्रमुख जिल्ला अधिकारी